# दक्षिणकाली नगरपालिका
# नगर कार्यपालिका कार्यालय
# फर्पिङ काठमाडौं

## इच्छुक लेखा परीक्षकले आशय पत्र पेश गर्ने सम्बन्धी सूचना ।

*(प्रथम पटक प्रकाशित मिति: २०८३/०६/०९)*

प्रस्तुत विषयमा यस दक्षिणकाली नगर भित्र रहेका सामुदायिक, संस्थागत, धार्मिक विद्यालवहरु, सामुदायिक सिकाइ केन्द्र र नगर अस्पताल समेत को २०८२/२०८३ को अन्तिम लेखा परीक्षण गनुपर्ने भएकाले दक्षिणकाली नगरपालिका विद्यालय लेखा परीक्षक कार्यविधि २०७५ को नियम ६ (क) बमोजिम तपशिलया उल्लेखित कागजात सहितको १५ दिनभित्र यस कार्यलियको शिक्षा, युवा खेलकुद शाखामा आशय पत्र दर्ता गर्नुहुन ईच्छुक सबेमा यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. सम्बन्धित निवेदकको निवेदन ।
२. लेखा परीक्षण इजाजत प्रमाणपत्रको प्रतिलिपि ।
३. आ.व २०८२/२०८३ सम्मको लाइसेन्स नवीकरण गरेको प्रतिलिपि ।
४. भ्याट/पान नं दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. आ.व २०८१/२०८२ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।
६. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
७. लेखा परीक्षक बहालवाला कर्मचारी भए विभागीय स्वीकृत पत्र ।
८. पेश हुन आएको सम्पूर्ण कागजात नोटरी गरिएको हुनुपर्नेछ ।
९. लेखा परीक्षण गरे वापत पाउने पारिश्रमिक निमानुसार विद्यालयले भुक्तानी दिनेछ ।
१०. म्याद नाघी आएको निवेदन उपर कुने कारवाही हुने छैन ।

**नोट:**

१. आवेदकले आशयपत्रमा स्पष्ट बुझिनेगरी सम्पर्क फोन नम्बर र इमेल उेगाना अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
२. अघिल्लो वर्ष लेखा परीक्षक नियुक्ति भई तोकिएको विद्यालयमा लेखापरीक्षण कार्य गर्न नजाने लेखा परीक्षकहरुलाई सूचिकृत गरिने छैन ।
३. लेखा परीक्षक नियुक्ति भई तोकिएको समयमा विद्यालयमा गई लेखापरीक्षण नगरेमा निजलाई हटाई अन्यलाई नियुक्ति दिइने छ ।
४. लेखा परीक्षण सम्पन्न गरी एक प्रति सम्वन्धित विद्यालयमा र एक प्रति दक्षिणकाली नगरपालिका शिक्षा, युवा खेलकुद शाखामा बुझाउनु पर्ने छ ।

**दक्षिणकाली नगरपालिका**